आकाशवाणी

11-10-25 sunday

मुख्य समाचार-----

- प्रधानमन्त्रीले कृषिसंग ज◌ोड◌ीएको क्षेत्रमा बयालिस **हजार करोड़ रुप◌िय◌ा◌ँ भन्दा** अधिक-का केही परियोजना र योजनाहरूको गर्नुभयो **शुभारम्भ, लोकार्पण अनि शिलान्यास**
- राष्ट्रपतिले जनजातीय मानिसलाई सशक्तिकरण र प्रगतिको साधनका रूपमा शिक्षा प्राप्त गर्नका लागि गर्नुभयो प्रोत्साहन
- रेल मन्त्रीले नयाँ दिल्ली रेलवे स्टेशनको यात्रा गर्दै नवनिर्मित **यात्री सुविधा केन्द्रको गर्नुभयो** निरीक्षण अनि ,
- गृह मन्त्रीले भारत **रत्न नानाजी देशमुखलाई** उहाँको जयन्तीमा अर्पण गर्नुभयो श्रद्धान्जलि ।

--------------

**पीएम- कृषि क्षेत्र परियोजना**

प्रधानमन्त्री नरेन्‍द्र मोदीले आज नयाँ दिल्लीमा एक विशेष कृषि कार्यक्रममा कृषि र यससंग ज◌ोड◌ीएको क्षेत्रमा बयालिस **हजार करोड़ रुप◌िय◌ा◌ँ भन्दा** अधिकका केही परियोजना र योजनाहरूको **शुभारम्भ, लोकार्पण र शिलान्यास गर्नुभयो** । श्री मोदीले पैतिस **हजार करोड रूप◌िय◌ा◌ँ भन्दा अधिकको** लागत भएको कृषि क्षेत्रको द◌ुई प्रमुख पहल, **प्रधानमन्त्री धन-धान्य कृषि योजना** र **दलहनमा आत्मनिर्भरता मिशनको** शुभारम्भ गर्नुभयो। यस कार्यक्रमले किसान कल्याण, कृषि आत्मनिर्भरता र ग्रामीण बुनियादी ढा◌ँच◌ालाई बलियो बनाउनका लागि सरकारको प्रतिबद्धतालाई दर्शाउँछ । यस अवसरमा प्रधानमन्त्रीले कृषि, पशुपालन, मत्स्य

पालन र खाद्य प्रसंस्करण क्षेत्रमा **पाँच हजार चार सय पचास करोड़ रुपियाँ भन्दा** अधिक मूल्यको परियोजनाहरूको उद्घाटन गर्नुभयो भने उहाँले लगभग आठ सय पन्द्र **करोड़ रुपियाँका** अतिरिक्त परियोजनाहरूको आधारशिला पनि राख्नुभयो ।यस अघि, प्रधानमन्त्रीले लोकनायक जयप्रकाश नारायणको जयन्तीमा उहाँलाई पुष्पान्जलि अर्पण गर्नुभयो ।

**प्रधानमन्त्री - सिंधिया लेख**

प्रधानमन्त्री नरेन्द्र मोदीले केन्द्रीय मन्त्री ज्योतिरादित्य सिन्धियाको एउटा लेख साझा गर्दै भन्नुभयो, पूर्वोत्तर, भारतको विकास, गाथाको हृदय हो। एउटा सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो, नयाँ हवाई अड्डा देखी लिएर सशक्त स्वयं सहायता समूह सम्म, कनेक्टिविटी देखि लिएर रचनात्मकता सम्म, अरुणाचल प्रदेशले विकसित भारतको भावनालाई दर्शाउँछ ।

**-राष्ट्रपति-गुजरात**

राष्ट्रपति द्रौपदी मुर्मुले गुजरातको **जूनागढ़** ज़िलामा हिजो अफ्रीकी मूलको एउटा आदिम जनजाति सिद्दी समुदायका सदस्यहरू संग बातचीत गर्नुभयो । राष्ट्रपति मुर्मुले जनजातीय मानिसलाई सशक्तिकरण र प्रगतिको साधनका रूपमा शिक्षा प्राप्त गर्नका लागि प्रोत्साहन गर्नुभयो । उहाँले प्रसन्नता व्यक्त गर्नुभयो, विशेष रूपले वन्चित सिद्दी समुदायले बहत्तर प्रतिशत भन्दा अधिकको साक्षरता दर हासिल गरेको छ । राष्ट्रपतिले समुदायसंग केन्द्र सरकारले शुरू गरेको विभिन्न विकास र कल्याणकारी योजना बारे जानकारी राख्ने आग्रह गर्नुभयो ।

राष्ट्रपति मुर्मुले जनजातीय समुदायको प्रकृति-अनुकूल जीवनशैलीको पनि प्रशंसा गर्नुभयो र यसलाई टिकाऊ जीवनका लागि प्रेरणाको स्रोत बताउनुभयो । उहाँले भन्नुभयो, जनजातीय

संस्कृति र परम्पराहरूको सम्मान तथा संरक्षण गर्ने न्यायसंगत र समावेशी समाजको निर्माणमा जनजातीय मानिसहरूको सक्रिय भागीदारी महत्वपूर्ण छ। उहाँले भन्नुभयो, दुई हजार सैतालिस सम्म विकसित भारतको सपना साकार गर्नका लागि समानता, न्याय र जनजातीय अधिकारको सुरक्षा सुनिश्चित गर्नु आवश्यक छ।

यस अघि, राष्ट्रपतिले **गिर सोमनाथ** जिल◌ाको प्रसिद्ध सोमनाथ मन्दिरमा पूजा-अर्चना गर्नुभयो।

**बिहार-उपराष्ट्रपति - दौरा**

उपराष्ट्रपति **सी. पी. राधाकृष्णनले** आज बिहारको **सारण** ज◌िल◌ामा लोकनायक जयप्रकाश नारायणको प◌ित्री गाँउ सिताब दियाराको यात्रा गर्नुभयो। उहाँले सम्पूर्ण क्रान्ति आन्दोलनका महान नेतालाई उहाँको एक सय तेइसौँ  जयन्तीमा श्रद्धान्जलि अर्पण गर्नुभयो र स्वतन्त्रता सेनानी र दूरदर्शी नेताको स्मृतिमा आयोजित जयन्ती समारोहमा भाग लिनुभयो। उपराष्ट्रपतिले लोकनायक जयप्रकाश नारायण राष्ट्रीय स्मारकमा पुष्पान्जलि अर्पण गर्नुभयो अनि सिताब दियाराको लाला टोला स्थित जयप्रभा स्मृति भवनमा प्रदर्शनी दीर्घाको पनि यात्रा गर्नुभयो। ड◌ाक्टर राधाकृष्णनले लोकनायक जयप्रकाश नारायण र उहाँकी पत्नी प्रभावती देवीसंग सम्बन्धित स्मृति चिह्न र अन्य संग्रहित कलाकृत◌ीहरूको  पनि निरीक्षण गर्नुभयो।

उहाँले सिताब दियारा स्थित प्रभावती स्मारक पुस्तकालयको पनि यात्रा गर्नुभयो। यसअघि, बिहारका राज्यपाल र क◌ेही अन्य गणमान्य व्यक्तिहरूले राज्यको आफ्नो एक दिवसीय यात्राका लागि पटना हवाई अड्ड◌ामा उपराष्ट्रपतिको आगमनमा उहाँको स्वागत गर्नुभयो।

**जयशंकर - सर्जियो गोर**

विदेश मन्त्री डाक्टर एस. जयशङ्करले आज नयाँ दिल्लीमा भारतमा अमरीकाको मनोनीत राजदूत सर्जियो गोरसंग भेटघाट गर्नुभयो । सोशल मीडिया पोस्टमा, डाक्टर जयशंकरले बताउनुभयो उहाँले भारत-अमरीका सम्बन्ध र यसको वैश्विक महत्वमा चर्चा गर्नुभयो र उहाँलाई उहाँको नयाँ जिम्मेवारीका लागि शुभकामना दिनुभयो ।

**11-शाह-नानाजी श्रद्धांजलि**

गृह मन्त्री अमित शाहले भारत रत्न नानाजी देशमुखलाई आज उहाँको जयन्तीमा श्रद्धान्जलि अर्पण गर्नुभयो । श्री शाहले जनसंघका संस्थापक सदस्यहरूमा एक, नानाजीलाई एक महान राष्ट्रवादी विचारक बताउनुभयो । सोशल मीडिया पोस्टमा श्री शाहले भन्नुभयो, नानाजी देशमुखले युवाहरूलाई संगठित गर्न र राष्ट्र निर्माणमा भाग लिनका लागि प्रेरित गर्नमा उल्लेखनीय भूमिका निभाउनुभयो । उहाँले भन्नुभयो, नानाजीले आफ्नो सम्पूर्ण जीवन गाउँको उत्थान र यससंग जोड़ीएको विचारधारालाई बलियो बनाउनका लागि समर्पित गर्नुभयो ।

**19 वैष्णव- नई दिल्ली रेलवे स्टेशन**

रेल मन्त्री अश्विनी वैष्णवले आज नयाँ दिल्ली रेलवे स्टेशनको यात्रा गर्दै नवनिर्मित **यात्री सुविधा केन्द्रको** निरीक्षण गर्नुभयो । यस अवसरमा संवाददाताहरूसंग बातचीतमा श्री वैष्णवले बताउनुभयो, यस सुविधा केन्द्रबाट यात्रीहरूको सुगम **आवाजाही** सुनिश्चित हुन्छ र स्टेशनमा भीड़ पनि कम हुनेछ । उहाँले भन्नुभयो , स्टेशनको भित्रको सबै टिकट काउन्टरलाई यस केन्द्रमा स्थानान्तरित गरिएको छ । यात्रीहरूको सुविधाका लागि स्वचालित Ticket

vending machine , एक सय पचास भन्दा अधिक शौचालय र पेयजल डिस्पेन्सर जस्तो सुविधाहरू उपलब्ध छ । श्री वैष्णवले भन्नुभयो, चाडपर्वमा यात्रीहरूको भीड़लाई हेर्दै छयाहत्तर अन्य स्टेशनमा पनि यसै प्रकारको सुविधा केन्द्र बनाइनेछ ।

रेल मन्त्रीले बताउनुभयो दीपावली र छठ पूजालाई हेर्दै रेकर्ड संख्यामा विशेष ट्रेनहरू चलाउने योजना बनाइएकोछ । **श्री वैष्णवले बताउनुभयो, बाह्र हज़ार विशेष ट्रेनहरूमा लगभग दस हजार सात सय ट्रेनलाई आगामी चाडपर्वमा चलाइनेछ ।**

## 46 दिल्ली- अन्तरराष्ट्रीय बालिका दिवस

दिल्लीका कला र संस्कृति मन्त्री कपिल मिश्राले आज अन्तरराष्ट्रीय बालिका दिवसको अवसरमा आयोजित एउटा कार्यक्रममा भाग लिनुभयो। यस कार्यक्रममा बालिकाहरूको आवश्यक सामग्री पनि वितरण गरियो । यस अन्तर्गत श्री मिश्राले भन्नुभयो , बालिकाहरूको उज्वल भविष्य, शिक्षाको महत्व र सशक्तिकरणलाई बढ़ावा दिने उद्देश्यले उठाइएको यो कदम सराहनीय छ।

## -मौसम

मौसम विभागले आज दक्षिणी आन्तरिक कर्नाटक, तमिलनाडु, पुद्दुचेरी र कराईकलमा अलग-अलग स्थानमा मूसलधारे बर्षाको अनुमान व्यक्त गरेको छ । केरल, माहे, आन्ध्र प्रदेश, नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरामा पनि भोली सम्म तिव्र बर्षाको सम्भावना छ ।